# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
## blSt]n /'kfsf]^ dH'jfu(L gu/kfnlsf
## नगर कार्यपालिकाको कार्यालय

प.सं.: २०८२।८३
च.नं.: ४०८

दिक्तेल, खोटाङ
☎ ०३६-४२०२०४

मिति २०८२/१२/०१

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

यो जो जससँग सम्बन्धित छ।

प्रस्तुत विषयमा यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका अन्तर्गत श्री जालपा आधारभुत विद्यालय दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११, खार्मीमा रिक्त रहेको प्राथमिक तह स्वीकृत दरबन्दीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिनुहुन भनी विद्यालयको चलानी नं.१७ मिति २०८२।११।३० को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरु मध्येबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचाना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना **aabijalpa@gmail.com** मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोदार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ खोटाङ।

श्री जालपा आधारभुत विद्यालय दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११, खार्मी ।

श्री सुचना प्रविधी शाखा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-वेबसाइडमा सुचना अपलोड गरिदिन हुन।

राजकुमार राई

प्रमुख प्रशासकीय अधिकृत

*Website: www.rupakotmajhuwagadhimun.gov.np* *E-Mail: rupakotmun@gmail.com*

"नगर हाम्रो प्राण-नगर हाम्रो शान, नगरमै छ जिन्दगी विकासमा ..."